# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

योजना शाखा

visit nepal 2020 Lifetime Experiences

प.सं./योजना : २०७६/०७७ मिति:२०७६/१०/०६

च. नं. : 2655

श्री वडा कार्यालय सबै, (१-१९)
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली ।

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**बिषय: योजना सम्झौता गर्ने बारे पुन: ताकेता गरिएको |**

प्रस्तुत विषयमा यस धनगढी उप-महानगरपालिका बाट चालु आ.व. २०७६/०७७ मा वडा स्तरमा उपभोक्ता समिति मार्फत संचालन गरिने वडा स्तरीय पूर्वाधार तर्फका योजनाको कार्यान्वयनका लागि गठित भएका उपभोक्ता समितिहरुलाई वडा कार्यालयबाट योजना सम्झौता गर्ने व्योहोराको सिफारिसपत्र सिफारिस भई आउँदा ***उपभोक्ता समिति गठन, परिचालन, तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४*** बमोजिम पुरा गर्नुपर्ने दायित्व, रीत एवं प्रकिया पुर्याई आउन नसकेको, उपभोक्ता समितिका पदाधिकारीहरु आफै अलमलमा परेको जस्तो देखिएकोले निजहरुले सम्झौताको लागि पुरा गर्नुपर्ने आवस्यक कागजात ***"सेवा प्रवेसबिन्दु"*** वडा कार्यालयमै चेकजाँच गरि ***"सेवा प्रवाहमा सहजता, गुणस्तरियता र एकरुपता"*** प्रदान गरिदिन अनुरोध गरिन्छ | साथै, उपभोक्ता समितिले सिफारिसका लागि माग निवेदन पेश गर्दा तपशील बमोजिमका कागजातहरु अनिवार्य रुपमा वडा कार्यालयमै चेकजाँच गरि एक प्रति सिफारिस निवेदनका साथ संग्लन गरि पठाईदिन हुन जानकारी गरिन्छ |

पुनश्च; यस अघि पटकपटक योजना सम्झौता गर्न आउने ब्योहोराको पत्र ताकेता सहित सम्बन्धित पक्षलाई जानकारी गराउँदा समेत हालसम्म पनि अपेक्षा/लक्ष्य अनुरुप योजना सम्झौता हुन नसकेको हुँदा यहि ***मिति २०७६ माघ मसान्त*** भित्र यस कार्यालयमा आएर योजना सम्झौता गरिसक्न हुन सम्पुर्ण उपभोक्ता समितिका पदाधिकारीलाई **अन्तिम पटकको लागि पुनश्च: ताकेता** गरिएको छ | साथै, उक्त कार्यका लागि सहकार्य, समन्वय र सहजीकरण गरिदिन हुन सबै वडा कार्यालयका जनप्रतिनिधि, वडा-अध्यक्ष, वडा-सचिब र सम्बन्धित वडा हेर्ने वडा प्राविधिक लगाएत अन्य सरोकारवाला पधाधिकारी लाई विशेष अनुरोध छ |

२०७६/१०/०६

सत्य राज जोशी

योजना शाखा प्रमुख

सत्य राज जोशी

योजना अधिकृत

**तपशिल:**

**१. वडा अधक्ष्य वा अख्तियार प्राप्त जनप्रतिनिधिको रोहबरमा आमभेला बाट गठित उपभोक्ता समिति र एक जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि**

**२. उपभोक्ता समितिको तर्फबाट सम्झौताको लागि जिम्वेवार पदाधिकारी ताकिएको उपभोक्ता समितिको निर्णय**

**३. उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको प्रतिलिपि**

**४. योजनाको लागत अनुमान (Cost Estimation): सम्बन्धित वडा हेर्ने प्राबिधिकसँग सम्पर्क गर्ने |**

**५. अन्य काम कारवाही र प्रक्रिया प्रचलित कानून तथा उपभोक्ता समिति गठन, परिचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४ बमोजीम गरिएको हुनुपर्ने |**

**बोधार्थ: श्री सुचना प्रबिधि शाखा** : पत्रलाई सम्पूर्ण वडा कार्यालयहरुमा **Email** गर्न हुन | साथै, **Website** मा सुचना upload गर्न हुन |